## बकैया गाउँकार्यपालिकाको मिति २०७७।१२।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. नदिजन्य पदार्थ संकलन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिको मिति २०७७।१२।१७ गतेको निर्णयहरु अनुमोदन गर्दै सो निर्णय अनुसार शुरुवात भएको नदिजन्य पदार्थ उत्खनन् कार्यलाई निरन्तरता दिने निर्णय गरियो । नदिजन्य पदार्थ उत्खनन् तथा ढुवानीको निरिक्षण तथा अभिलेखिकरणका लागि खटिएका प्रत्येक कर्मचारीहलाई प्रतिदिन रु. २,०००।- प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो । त्यस्तै वडा नम्बर ५ र ६ क्षेत्रमा नदिजन्य पदार्थ हुने चोरी नियन्त्रण तथा राजश्व संकलनका लागि वडा सम्वन्धित वडा कार्यालयहरुको सिफारिशको आधारमा राजश्व संकलकलाई नियुक्त गर्ने तथा निजहरुलाई उठेको करको १०%(दश प्रतिशत) निजहरुलाई उपलब्ध गराउने निर्णय गरियो । निजहरुलाई चैत्र मसान्तसम्म राजश्वको रुपमा राजश्व संकलकको रुपमा कार्य गराउने र सो पश्चात जेष्ठ मसान्त सम्मका लागि जरिमाना संकलकको रुपमा कार्य गराउने निर्णय गरियो । साथै जरिमानाको दर समेत प्रति घनफिट मुल्य अभिवृद्धि करसहितको राजश्व दर बरावर कायम गर्ने निर्णय गरियो ।माग वमोजिमको नदिजन्य पदार्थ उत्खनन् गरि बाँकी स्वीकृत परिमाण घाटगद्दि सम्बन्धित खहरेको नजिकै रहेको सार्वजानिक स्थलमा गर्ने निर्णय गरियो । अव्यवस्थित रुपमा रहेका बालुवा उद्योगहरुलाई दर्ता लगायत व्यवस्थित सञ्चालनका लागि प्रोत्साहन गर्ने तथा व्यवस्थित नहुने बालुवा उद्योगहरुलाई बन्द समेत गराउने निर्णय गरियो ।

**२. प्रशासकीय भवन निर्माणको ठेक्का खोल्ने सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका प्रशासकीय भवन निर्माणका लागि स्थानीय तह विकास पूर्वाधार विभागवाट रु १८,००,०००।- प्राप्त भएकोमा सो को लागि वहुवर्षीय ठेक्काको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**३. अव्यवस्थित भूमि नापजाँच सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा हाल अव्यवस्थित भूमि नापजाँचका लागि वडा नम्बर ५ र ६ मा कार्य शुरु भएकोमा सो कार्यमा खटिएका प्रत्येक सर्वेक्षक तथा अमिनहरुलाई फिल्ड भत्ता वापत आगामी वैशाख १ गतेदेखि लागु हुने गरि मासिक रु. ६,५००।- उपलब्ध गराउने निर्णय गरियो । साथै सम्बन्धित वडामा नापजाँचको कार्यमा सहयोग गर्नका लागि कार्य अवधिभर सम्बन्धित वडा कार्यालयको सिफारिशमा १ जना सहयोगी कर्मचारीलाई दैनिक रु. ६७५।- उपलब्ध गराउने गरि ज्यालादारीमा नियुक्ती गरि कार्य गराउने निर्णय गरियो । साथै कार्यपालिकाको मिति २०७७।१०।२० गतेको निर्णयानुसार दैनिक ज्यालादारीमा नियुक्त गरिएका तथ्यांक संकलकहरुलाई दैनिक रु. ८००।- का दरले ज्याला उपलब्ध गराउने निर्णय गरियो ।

**४. पञ्जिकरण सम्वन्धि राजपत्रमा प्रकाशित निर्णय कार्यान्वयन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७ नेपाल राजपत्रमा मिति २०७७।१२।०२ गते प्रकाशित भई लागू भएको र यस गाउँपालिकामा समेत मिति २०७७।१२।०४ गतेदेखि कार्यान्वयन गरिएकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँढे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

**५. करार सेवा शुल्कमा बजेट व्यवस्थापन सम्बन्धमाः-**

उपरोक्त सम्वन्धमा छलफल गर्दा चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा करार सेवा शुल्कमा विनियोजन गरिएको रकम अपुग भई तलब भत्ता भुक्तानी रोकीएकोमा पदाधिकारी अन्य भत्ता शिर्षकको रकममध्ये रु. २५,००,०००।- करार सेवा शुल्क शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**६. योजनाको अन्तिम विल भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षको स्वीकृत योजनाहरु चैत्र ५ गतेभित्र संझौता गर्ने निर्णय भएकोमा केही योजनाहरुको लगत स्टमेटको काम हुन बाँकी रहेको तथा केही योजनाहरु विविध कारणले वडाबाट संझौताको लागि सिफारिश समेत नभएकोमा उक्त अवधिमा संझौता हुन नसकेका योजनाहरु आवश्यकता बुझेर संझौता गराउने निर्णय गरियो । साथै सम्पूर्ण योजनाहरु आगामी २०७८ जेठ २० गतेभित्र सम्पन्न गरि भुक्तानीको लागि पेश गर्नुपर्ने निर्णय गरियो ।

**७. भ्याक्सिनेटर ज्याला सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा साना पशुहरुलाई खोप लगाउने ज्याला हाल ५ रुपैंया र ठुला पशुहरुलाई खोप लगाउने ज्याला हाल १० रुपैंया रहेकोमा अबदेखि प्रति साना पशुलाई खोप वापत १० रुपैंया कायम गर्ने र प्रति ठुला पशुलाई खोप वापत २० रुपैंया कायम गर्ने निर्णय गरियो ।

**८. कृषि सेवा केन्द्रको भवन मर्मत सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत गरगरेमा रहेको कृषि सेवा केन्द्रको २ तले भवनमा जस्ताको छानो रहेको र माथिल्लो तलाको एक कोठामा SaMi परियोजना अन्तर्गतका कर्मचारीहरु रहेका र अर्को कोठमा अस्थायी प्रहरी पोस्टका प्रहरीहरुको आवास रहेकोमा सो भवनको माथिल्लो तलाको सिलिङ्गमा जिप्सम बोर्ड लगाउने कार्यका लागि रु. ५८,४८८।६२ लागत लाग्ने देखिएकोमा कार्य सम्पन्न भए पश्चात सो को भुक्तानी पशु सेवा केन्द्र मर्मत सुधार तथा अन्य व्यवस्थापन शिर्षकवाट दिने गरि सो कार्य अगाडी बढाउने निर्णय गरियो ।

**९. खजुलीदमार, भोलन टोल, चिसापानी जोड्ने बाटोको भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नम्बर ८ खजुरीदमार स्थित खजुरीदमार, भोलन टोल, चिसापानी जोड्ने नयाँ ट्रयाक बाटोको निर्माण सम्पन्न भएको र सो को भुक्तानीको लागि वडा कार्यालयवाट समेत सिफारिश प्राप्त भएकोमा उक्त कार्यको प्राविधिक मुल्यांकनको क्रममा रु. ४०,११४।९१ लागत लागेको देखिएकोमा विविध पुर्वाधार निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner